# बेलका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## रामपुर, उदयपुर

प.सं.-२०८१/०८२
च.नं.

कोशी प्रदेश, नेपाल

**विषयः कर्मचारीको तह वृद्धि/तह मिलान सम्बन्धी सूचना प्रकाशन गरिएको सम्बन्धमा ।**
**(प्रकाशित मितिः २०८२/०२/२५)**

प्रस्तुत सम्बन्धमा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम बेलका नगरपालिकामा समायोजन/समायोजन मिलान भएका, लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई स्थानीय तहमा नियुक्त/सिफारिस/समायोजन/समायोजन मिलान भई बेलका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय वा मातहतका कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरूमध्ये कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० अनुसार तपशील बमोजिम योग्यता पुगेका कर्मचारीहरूले निम्न बमोजिमको कागजात सहित तोकिएको समयभित्र रीतपूर्वक फारम भरी यस कार्यालयमा आवेदन पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपशीलः**

१. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ८ (१६) र (१७) बमोजिम योग्यता पुगेका स्थायी कर्मचारीहरूको हकमा यथाशीघ्र निम्न कागजात सहित निवेदन पेश गर्न हुन ।

(क) नियुक्ति पत्र,

(ख) समायोजन पत्र वा लोकसेवा आयोगबाट सिफारिस र नियुक्ति पत्र,

(ग) शैक्षिक योग्यताको प्रमाणपत्र सहित निवेदन ।

२. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा १ बमोजिम योग्यता पुगेका स्थायी कर्मचारीहरूको हकमा सूचना प्रकाशन भएको मितिले ३५ (पैंतिस) दिनभित्र निम्न कागजात सहित निवेद पेश गर्न हुन ।

(क) नियुक्ति/बढुवा/तह वृद्धिको प्रमाणपत्र,

(ख) लोकसेवा आयोगबाट संघीय निजामती सेवाको पदमा सिफारिस र नियुक्ति भई स्थानीय तहमा समायोजन भएको पत्र,

(ग) पछिल्लो ३ (तीन) वर्षको कार्यसम्पादन मूल्याङ्कनको सक्कल प्रति,

(घ) शैक्षिक योग्यताको प्रमाणपत्र सहितको निवेदन ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

२०८२/०२/२५

..............................
रवि किरण आचार्य
नि. प्रमुख प्रशासकीय अधिकृत

रवि किरण आचार्य
निमित्त प्रमुख प्रशासकीय अधिकृत